# भूकम्पपिडित कृषकहरूलाई अनुदानमा उन्नत कोरेली गाई उपलब्ध गराउने कार्यविधि-२०७२

## १. पृष्ठभूमी :

२०७२ साल बैशाख १२ मा आएको महाभूकम्पबाट अति प्रभावित २४ जिल्लाहरूमा भएको अतुलनीय जनधनका साथै पशुपन्छीहरूको क्षतिले गर्दा कृषकहरू मर्माहत भएका छन् । यी जिल्लाहरूका कृषकहरूलाई खाद्य तथा पोषण सुरक्षाका साथै आय आर्जन गरी जिविकोपार्जनमा सुधार ल्याउन पशुपालन एक उपयुक्त व्यवसाय हुन सक्दछ । नेपाल सरकार (मन्त्रीस्तरीय) निर्णयबाट २०७२ पौषमा स्वीकृत पशु सेवा विकास कार्यक्रम सञ्चालन कार्यविधि-२०७२ को परिच्छेद ५ मा "अनुदानमा उन्नत जातका कोरली गाई वितरण कार्यक्रम सञ्चालन विधि" समेत समावेश भएको भएतापनि भूकम्पबाट अति प्रभावित भएका कृषकहरुलाई नै लक्षित गरी उन्नत नश्लका कोरेली गाईहरु उपलब्ध गराउनु पर्ने भएकोले यस कार्यक्रमको सञ्चालन प्रक्रियालाई व्यवस्थित गर्न यो कार्यविधि तयार गरिएको छ ।

## २. उद्देश्य :

यो कार्यक्रको मुख्य उद्देश्य भूकम्पबाट तोकिएका अति प्रभावित जिल्लाका कृषकहरुलाई उन्नत नश्लका कोरेली गाईहरु उपलब्ध गराई दुग्ध उत्पादन बृद्धि गरी आयआर्जनमा अभिवृद्धि ल्याउनु रहेको छ ।

## ३. कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था :

### ३.१ कृषक छनौट :

३.१.१ जिल्लामा भएको पशुधनको क्षतिको अवस्था अनुसार पशु सेवा विभागले कार्यक्रममा वितरण गरिने गाईमध्ये सम्बन्धित जिल्लामा वितरण गरिने गाईको जिल्लागत संख्या एकिन गर्नेछ ।

३.१.२ सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले जिल्ला दैवी प्रकोप उद्धार समितिको सिफारिस साथ यस कार्यक्रमका लागि भूकम्पबाट अति प्रभावित कृषकहरु छनौट गरी कृषकको नामावली प्राथमिकीकरण गरी जिल्ला पशु सेवा कार्यालय मार्फत पशु उत्पादन निर्देशनालय, हरिहरभवनमा पठाउनु पर्नेछ ।

३.१.३ छनौट भएका कृषकहरुलाई प्रति कृषक एक कोरेली गाई उपलब्ध गराइने छ ।

## ३.२ बोलपत्र आह्वानको सूचना प्रकाशन :

पशु सेवा विभागबाट स्वीकृत प्राविधिक मापदण्डलाई आधार मानी जर्सी वा होलेस्टिन वा यिनका वर्णशंकर जातका कम्तिमा १५ महिना पुगेका कोरेली गाईहरुको खरिद गर्नका लागि दर्तावाल फर्महरुबिच शिलबन्दी बोलपत्रको माध्यमबाट पशु उत्पादन निर्देशनालयले "उन्नत गाई वितरण" सम्बन्धी स्वीकृत कार्यक्रमका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरी आपूर्तिकर्ताको छनौट गर्नेछ ।

## ३.३ कोरेली गाईको खरिद तथा वितरण व्यवस्था :

३.३.१ दफा ३.२ अनुसार छनौट भएका आपूर्तिकर्ताले गाईहरु संकलन भएको सम्बन्धी जानकारी पशु उत्पादन निर्देशनालयलाई गराएपछि गाईको स्वास्थ्य लगायत अन्य प्राविधिक पक्षहरुको परिक्षण गर्न देहाय बमोजिमको एक प्राविधिक समिति रहने छ ।

| | |
|---|---|
| प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, राष्ट्रिय पशु प्रजनन् केन्द्र | - संयोजक |
| अधिकृत प्रतिनिधि, पशु स्वास्थ्य निर्देशनालय | - सदस्य |
| अधिकृत प्रतिनिधि, केन्द्रीय गाईभैंसी प्रवर्द्धन कार्यालय | -सदस्य |
| अधिकृत प्रतिनिधि, केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय | -सदस्य |
| अधिकृत प्रतिनिधि, राष्ट्रिय पुनः निर्माण प्राधिकरण/जिल्ला दैवी प्रकोप उद्धार समिति | -सदस्य |
| अधिकृत प्रतिनिधि, पशु उत्पादन निर्देशनालय | - सदस्य सचिव |

यस समितिले स्वीकृत भएका आपूर्तिकर्ताले उपलब्ध गराउने लट अनुसार गाईहरुको संकलन केन्द्रमा पुगी मापदण्ड पुरा गरेका गाईहरुमा ट्यागिङ्ग समेत गर्ने छ ।

३.३.२ प्राविधिक समितिले छनोट गरेका कोरली गाईहरु कृषकलाई उपलब्ध गराउनु पूर्व बोलपत्रदाताले अनिवार्य रुपमा मान्यता प्राप्त कम्पनीबाट एक वर्षको लागि गाईको बीमा गराउनुपर्ने छ । विमा सम्बन्धि कुनैपनि दायित्व कृषकलाई पर्ने छैन ।

३.३.३ दफा ३.३.१ अनुसारको समितिले ट्यागिङ्ग गरेका गाईहरुलाई लट/लट बनाई सम्बन्धित जिल्लाका कृषकहरुलाई पायक पर्ने जिल्ला पशु सेवा कार्यालय/पशु सेवा केन्द्रसम्म आपूर्तिकर्ता ले नै पुऱ्याई दिनुपर्नेछ । यसरी जिल्ला पशु सेवा कार्यालय/पशु सेवा केन्द्रसम्म ल्याई पुऱ्याइएका गाईहरुको वितरण व्यवस्था सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले मिलाउनु पर्नेछ

भने जिल्ला पशु सेवा कार्यालय/पशु सेवा केन्द्रदेखि आफ्नो घरगोठसम्म गाईलाई पुऱ्याउनका लागि आवश्यक पर्ने सम्पूर्ण व्यवस्था कृषक स्वयंले मिलाउनु पर्नेछ । जिल्ला पशु सेवा कार्यालयमा कोरली गाई ल्याएपछि अस्थायी रुपमा घास, दाना र पानीको व्यवस्था जिल्ला पशु सेवा कार्यालयले गर्नुपर्नेछ ।

३.३.४ अनुदानका लागि छनौट भएका कृषकहरुले प्राप्त गरेका कोरेली गाईहरुलाई कम्तिमा ३ वर्षसम्म बेचबिखन नगर्ने, अन्य व्यक्तिलाई पेवा वा उपहार स्वरुप नदिने, असल व्यवस्थापन पद्धती अपनाई गाईपालन व्यवसायलाई निरन्तरता दिने लिखित प्रतिवद्धता जनाई जिल्ला पशु सेवा कार्यालय मार्फत पशु उत्पादन निर्देशनालयमा लेखी पठाउनु पर्नेछ ।

**३.४ अनुदान रकमको भुक्तानी व्यवस्था :**

सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले दफा ३.१ अनुसार छनौट भएका कृषकहरुले आपूर्तिकर्ताबाट गाई बुझेको भरपाई (गाईको ट्याग नम्बर सहित) र बीमा गरेको प्रमाणको प्रतिलिपि राखी आफनो सिफारिस सहित अनुदान रकमको भुक्तानीका लागि पशु उत्पादन निर्देशनालयमा लेखी पठाउनेछ । प्राप्त भएका बिल भर्पाई तथा सिफारिशपत्रलाई आधारमानी नियमानुसार स्वीकृत भएको रकम पशु उत्पादन निर्देशनालयले सम्बन्धित आपूर्तिकर्तालाई, जिल्लागत लट मिलाई, निजले खोलेको बैंक खातामा भुक्तानी व्यवस्था मिलाउनेछ ।

**३.५ पशु आहारा, पशु स्वास्थ्य एवँ गोठको व्यवस्था :**

दफा ३.१ अनुसार छनौट भै दफा ३.३.३ अनुसार गाई प्राप्त गर्ने कृषकहरुले गाईपालनका लागि आवश्यक पर्ने गोठ, पशु आहारा, पशु स्वास्थ्य र पशु प्रजनन्सँग सम्बन्धित सम्पूर्ण व्यवस्था आफैले नै मिलाउनु पर्नेछ । पशु उत्पादन निर्देशनालयले दफा ३.४ अनुसारको सिफारिश पत्र प्राप्त भएपछि सम्बन्धित कृषकलाई असल व्यवस्थापन, पशु आहारा, पशु उपचार, पशु प्रजनन्, फार्म उपकरण आदि कार्य गर्नका लागि एकपटकका लागि प्रति कृषक एकमुष्ट रु. ५,०००/- (पाँच हजार) नगद अनुदान उपलब्ध गराउनेछ ।

## ४. अनुगमन तथा मूल्याङ्कन :

४.१ यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित जिल्लाको दैवी प्रकोप उद्धार समिति र क्षेत्रीय पशु सेवा निर्देशनालयबाट गरिनेछ ।

४.२ यस कार्यक्रमसँग सम्बन्धित चौमासिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित जिल्ला पशु सेवा कार्यालयले क्षेत्रीय पशु सेवा निर्देशनालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।